## राजस्व न्यायाधिकरण काठमाडौं

**इजलास**

**माननीय अध्यक्ष श्री किशोर सिलवाल**

**राजस्व सदस्य श्री जीवन कुमार घिमिरे**

**लेखा सदस्य श्री डम्बर बहादुर कार्की**

**फैसला**

२०७३ सालको मुद्दा नं. ०७३-RB- ०४४१

निर्णय नं. २६

| | |
|---|---|
| का.जि.,का.म.न.पा.,वडा नं. १ दरबारमार्ग स्थित याक एण्ड यति होटल लि. (स्थायी लेखा नं. ३०००४७१७६) को तर्फबाट ऐ. का अख्तियार प्राप्त चिफ एकाउन्टेट लबेन्द्र सिंह मल्ल..........................................................१ | पुनरावेदक |

**विरुद्ध**

| | |
|---|---|
| श्री ठूला करदाता कार्यालय, हरिहरभवन, ललितपुर................................१<br>श्री आन्तरिक राजस्व विभाग, लाजिम्पाट, काठमाण्डौ............................१ | प्रत्यर्थी |

**मुद्दाः- मूल्य अभिवृद्धिकर (२०७१/०७२) ।**

शुरु निर्णय गर्ने पदाधिकारीः - प्रमुख कर प्रशासक शोभाकान्त पौडेल ।
शुरु निर्णय मितिः - २०७३/०३/१२
शुरु निर्णय गर्ने कार्यालयः- श्री ठूला करदाता कार्यालय,हरिहरभवन, ललितपुर ।

यसमा ठूला करदाता कार्यालय, हरिहरभवन समेतको निर्णय उपर चित्त नबुझाई राजस्व न्यायाधिकरण ऐन, २०३१ को दफा ६ (१) र मूल्य अभिवृद्धि कर ऐन २०५२ को दफा ३१क (५) तथा दफा ३२ बमोजिम पुनरावेदको पुनरावेदन दर्ता हुन आई यसै न्यायाधिकरणको क्षेत्राधिकार भित्रको देखिन आएको प्रस्तुत मुद्दाको संक्षिप्त तथ्य एवं ठहर यस प्रकार रहेको छ ।

**तथ्य खण्ड**

१. पुनरावेदक करदाता याक एण्ड यति होटल लि.को आ.व. २०७०/०७१ को मूल्य अभिवृद्धि कर तर्फको कर लेखा परीक्षण सम्पन्न भै पेश भएको प्रतिवेदनको आधारमा मूल्य अभिवृद्धि कर नियमावली, २०५३ को नियम २९(१) बमोजिम कर र जरिवाना समेत जम्मा रू. १,०७,३९,८६५।- को प्रारम्भिक कर निर्धारण गर्ने गरी ठूला करदाता कार्यालय, हरिहरभवन ललितपुरबाट मिति २०७३/०२/०३ मा जारी भएको आदेश ।

२. ठूला करदाता कार्यालय, हरिहरभवन, ललितपुरबाट मिति २०७३/०२/०३ च.नं. ८७७ बाट जारी भएको सूचना करदाताले मिति २०७३/०२/१५ मा सूचना बुझी लिएको ।

३. करदाताले मिति २०७३/०२/१५ मा सूचना बुझी लिई बुँदा नं. क र बुँदा नं. ख मूल्य अभिवृद्धि कर लाग्ने **self-consumption** भएको हुँनाले मूल्य अभिवृद्धि कर र जरिवाना गर्नुपर्ने भन्ने हकमा व्यवसायसँग सम्बन्धित व्यवसायिक खर्चमा तिरेको कर कट्टी गर्न नपाउने भन्ने कुनै कानूनी आधार वेगर कर लगाउन मिल्दैन । कार्यालयको निर्णय बदर भई राजस्व न्यायाधिकरण काठमाण्डौबाट कर कट्टी गर्न पाउने फैसला भएको छ । जरिवानाको हकमा पनि मूल्य अभिवृद्धि कर ऐनको दफा २९(२) को देहाय (क) देखि (ङ) सम्ममा उल्लिखित कुनै कसूर गरेमा मात्र दफा २९(२) बमोजिमको सजाय हुनसक्ने हो, यस होटलले त्यस्तो कसूर गरेको नहुँदा जरिवाना समेत लगाउन नमिल्ने व्यहोरा अनुरोध छ भनी अन्य क्रेडिट दावीको विषय समेत उल्लेख गरी मिति २०७३/३/०२ मा जवाफ पेश गरेको।

४. बुँदा नं. क र ख प्रारम्भिक कर निर्धारण सम्बन्धमा करदाताले विगतमा कर कट्टी गर्न नपाउने गरी गरिएको कर निर्धारण आदेश उपर पुनरावेदन परी कार्यालयको निर्णय बदर भई राजस्व न्यायाधिकरण काठमाण्डौबाट कर कट्टी गर्न पाउने फैसला भई टुंगो लागिसकेको अवस्था छ भनी जिकिर लिएको भएतापनि सम्मानित राजस्व न्यायाधिकरण काठमाण्डौबाट भएको फैसलाको जानकारी यस कार्यालयमा प्राप्त हुन नआएको र करदाताको जिकिरको आधारमा मात्र कर निर्धारण गर्नु नपर्ने कारण नरहेको हुँदा आन्तरिक राजस्व विभागको मिति २०५६/१२/१३ को परिपत्र बमोजिम **Duty meal supply** लाई **self-consumption** नमान्ने र त्यस्तो आपूर्तिमा प्रयोग भएको कर लाग्ने वस्तुहरुको कर कट्टी गरेको भए सो कर कट्टी गर्न नदिने व्यवस्था भएको साथै करदाताको तर्फबाट करकट्टी गर्न पाउने अन्य ठोस प्रमाण समेत जवाफको साथ पेश हुन नआएकोले प्रारम्भिक कर निर्धारण आदेश बमोजिम नै अन्तिम कर निर्धारण आदेश जारी गर्नुपर्ने भएकोले होटलमा कार्यरत कर्मचारीहरुको खानाखर्चमा उपयोग गरिएको सामाग्रीहरु वापत दावी गरेको मूल्य अभिबृद्धि कर नपाउने क्रेडिट दावी गरेको हुँदा सो रकम र जरिवाना मूल्य अभिबृद्धि कर ऐन, २०५२ को दफा २०(१)(घ) र मूल्य अभिवृद्धि कर नियमावली, २०५३ को नियम २९(३) बमोजिम कर निर्धारण गर्नुपर्ने ठहर्छ भन्ने समेत व्यहोराको ठूला करदाता कार्यालय, ललितपुरबाट मिति २०७३/०३/१२/१ मा भएको निर्णय पर्चा ।

५. ठूला करदाता कार्यालय, ललितपुरले मिति २०७३/३/१२ मा जारी गरेको आ.व. २०७१/०७२ को मूल्य अभिवृद्धि कर तर्फको अन्तिम कर निर्धारण आदेशमा चित्त नबुझी याक एण्ड यति होटल लि.ले प्रशासकीय पुनरावलोकनका लागि मिति २०७३/५/१७ मा आन्तरिक राजस्व विभागमा निवेदन दिएकोमा ६० दिनभित्र विभागबाट निर्णय हुनुपर्नेमा सो निर्णयको जानकारी प्राप्त नभएको भनी प्रस्तुत पुनरावेदनपत्र पेश गरेको।

६. पुनरावेदकले आफ्नो पुनरावेदनपत्रमा मुख्यतः निम्न व्यहोरा समेत उल्लेख गरी पुनरावेदन जिकिर लिएको देखिन्छ ।

क) होटल व्यवसायको मुख्य मेरुदण्ड भनेको नै होटलको स्टाफ, कामदार कर्मचारीहरु हुन। होटलको स्टाफ कामदार कर्मचारीहरुको सेवा २४सै घण्टा आवश्यक हुन्छ र ड्युटी रहदाको अवस्थामा नियमानुसार खुवाईएको खाना खर्च व्यवसायीक खर्च हुन ।कर लाग्ने कारोवारसँग सम्बन्धित सेवा प्राप्त गर्दा तिरेको करको रकम आफूले उठाएको करको रकमबाट कट्टी गर्न सक्ने व्यवस्था मूल्य अभिबृद्धि कर ऐन, २०५२ को दफा १७(१) ले गरेको छ र सोही अनुसार नै नियम ३९(३) बमोजिम कट्टी गरिएको हो । विगतमा कर कट्टी गर्न नपाउने गरी गरिएको आदेश उपर पुनरावेदन परी कार्यालयको निर्णय आदेश बदर भई राजस्व न्यायाधिकरण काठमाण्डौबाट कर कट्टी गर्न पाउने फैसला भएको छ ।

ख) जरिवानाको हकमा पनि मूल्य अभिवृद्धि कर ऐनको दफा २९(२) को देहाय (क) देखि (ङ) सम्ममा उल्लिखित कुनै कसूर गरेमा मात्र दफा २९(२) बमोजिमको सजाय हुनसक्ने हो, यस होटलले त्यस्तो कसूर गरेको नहुँदा जरिवाना समेत लगाउन मिल्दैन।

ग) अतः ठूलाकरदाता कार्यालयको मिति २०७३/०३/१२ को अन्तिम कर निर्धारण आदेश र तत्सम्बन्धी मिति २०७३/०३/१२ को निर्णय बुँदाहरु समेत गैरकानूनी र अन्यायपूर्ण हुँदा बदर गरी पाउँ ।

७. यसमा मुलुकी ऐन, अ.वं. २०२ नं. बमोजिम छलफलको प्रयोजनार्थ विशेष सरकारी वकिलको कार्यालयलाई सूचना दिई नियमानुसार पेश गर्नु भन्ने यस न्यायाधिकरणको मिति २०७४/०१/२०/४ मा भएको आदेश ।

## <u>ठहर खण्ड</u>

८. नियम बमोजिम साप्ताहिक तथा दैनिक पेसीसूचिमा चढी पेश हुन आएको प्रस्तुत मुद्दामा पुनरावेदन पत्र एवं प्राप्त शुरु मिसिल समेत अध्ययन गरि पुनरावेदक याक एण्ड यति होटल लिमिटेडका तर्फबाट उपस्थित हुनु भएका विद्वान वरिष्ठ अधिवक्ता श्री चण्डेश्वर श्रेष्ठले डिउटीमा रहेका कर्मचारीलाई खुवाएको खाना समेत व्यवसायिक खर्च भएकाले त्यस्तो खर्चमा करकट्टी गर्न पाउने कानूनी व्यवस्था रहेको तथा जरिवानाको हकमा पनि मूल्य अभिवृद्धि कर ऐनको दफा २९(२) को देहाय (क) देखि (ङ) सम्ममा उल्लिखित कुनै कसूर गरेमा मात्र दफा २९(२) बमोजिमको सजाय हुनसक्ने हो, यस होटलले त्यस्तो कसूर गरेको नहुँदा जरिवाना समेत लगाउन मिल्दैन । तसर्थ ठूलाकरदाता कार्यालयको निर्णय आदेश गैरकानूनी र अन्यायपूर्ण हुँदा बदर हुनुपर्छ भन्ने समेत बहस प्रस्तुत गर्नुभयो ।

९. त्यसैगरी प्रत्यर्थीहरुका तर्फबाट उपस्थित विशेष सरकारी वकिल कार्यालय, काठमाडौंका विद्वान शाखा अधिकृत श्री अन्चन भट्टराईले आन्तरिक राजस्व विभाग (तत्कालिन मूल्य अभिवृद्धिकर)

को मिति २०५६/१२/१३ को परिपत्र बमोजिम **Duty meal supply** लाई **self-consumption** नमान्ने र त्यस्तो आपूर्तिमा प्रयोग भएको कर लाग्ने वस्तुहरुको कर कट्टी गरेको भए सो कर कट्टी गर्न नदिने व्यवस्था भएको साथै करदाताको तर्फबाट करकट्टी गर्न पाउने अन्य ठोस प्रमाण समेत पेश हुन नआएकोले शुरु ठूलाकरदाता कार्यालयबाट भएको कर निर्धारण निर्णय आदेश मिलेकै हुँदा परिवर्तन हुनुपर्ने होइन भन्ने समेत बहस जिकिर प्रस्तुत गर्नुभयो ।

१०. उपरोक्तानुसार विद्वान वरिष्ठ अधिवक्ता र सरकारी वकिलको बहस सुनी मिसिल कागजातहरुको अध्ययन गरी हेर्दा शुरु ठूला करदाता कार्यालय ललितपुरको निर्णय मिलेको छ छैन ? पुनरावेदकको जिकिर पुग्न सक्ने हो होइन ? भन्ने विषयमा निर्णय दिनुपर्ने देखिन आयो ।

११. पुनरावेदकले ठुला करदाता कार्यालय ललितपुरबाट भएको मिति २०७३/०३/१२ को अन्तिम कर निर्धारण निर्णयको बुँदा नं. क र बुँदा नं. ख मा चित्त नबुझाई पुनरावेदन गरेको देखिन्छ ।उक्त दुबै बुँदाहरुमा **Duty Staff Meal** को खर्च को विषय भएको र सो खर्च व्यवसायिक खर्च भएको हुँदा मूल्य अभिबृद्धि कर ऐन, २०५२ को दफा १७(१) र मूल्य अभिबृद्धि कर नियमावली, २०५३ को नियम ३९(३) बमोजिम कट्टी दावी गरिएको र कट्टी गर्न पाउनु पर्ने हो तथा ऐ. ऐनको दफा २९(२) मा उल्लेखित कुनै कसूर नगरेको हुँदा जरिवाना समेत हुनु नपर्ने हो भन्ने नै मुख्य पुनरावेदन जिकिर देखिन्छ ।

१२. सो सम्बन्धमा विचार गर्दा, आन्तरिक राजस्व (तत्कालिन मू.अ.कर) विभाग, लाजिम्पाटको मिति ०५६।१२।१३ को सबै मूल्य अभिबृद्धि कर कार्यालयहरुलाई जारी परिपत्रको बुदा नं. २ मा होटलहरुको **Duty Meal Supply** लाई **Self-Consumption** नमान्न।त्यस्तो आपूर्तिमा प्रयोग भएको कर लाग्ने वस्तुहरुको कर कट्टी गरेको भए सो कर कट्टी गर्न नदिने गरी परिपत्र गरिएको छ ।उक्त परिपत्रलाई पुनरावेदकले पुनरावेदनपत्रमा खण्डन गर्न सकेको अवस्था समेत देखिदैन ।त्यसैगरी राजस्व न्यायाधिकरण काठमाण्डौबाट यस अघि कर कट्टी गर्न पाउने गरी निर्णय भएको जिकिर पुनरावेदनपत्रमा गरी यिनै पुनरावेदक भएको पुनरावेदन नं.९७-०६५-०११५८ को मुद्दाको फैसलाको प्रतिलिपि पेश गरेतापनि सो निर्णय अन्तिम भए नभएको बारे पुनरावेदन लेखबाट स्पष्ट खुल्दैन साथै यसै न्यायाधिकरणबाट यिनै पुनरावेदकको पुनरावेदन नं. ९७-०७०-००१३२ को मुद्दामा यही विषयबस्तु समेत समावेश भई व्यवसायिक खर्चको रुपमा कट्टी गर्न नमिल्ने गरी मिति २०७४/०१/०६ मा निर्णय भएको देखिनुको साथै करकट्टी गर्न पाउने अन्य ठोस आधार पुनरावेदकबाट पेश हुन नआएकोले प्रारम्भिक कर निर्धारण आदेश बमोजिम नै अन्तिम कर निर्धारण आदेश जारी गरी होटलमा कार्यरत कर्मचारीहरुको खानाखर्चमा उपभोग गरिएको सामाग्रीहरु वापत दावी गरेको रकम क्रेडिट दावी गरेको हुँदा सो रकम र जरिवाना समेत कर निर्धारण गर्ने गरी भएको ठुला करदाता कार्यालय ललितपुरको निर्णय मनासिब नै देखिन आयो । उक्त निर्णय बदर हुनुपर्छ भन्ने पुनरावेदक

तर्फबाट उपस्थित हुनुभएका विद्वान वरिष्ठ अधिवक्ताको बहस र पुनरावेदन जिकिरसँग सहमत हुन सकिएन ।

१३. तसर्थ उपरोक्त उल्लिखित आधार र कारणबाट स्थायी लेखा नं. ३०००४७१७६ भएका पुनरावेदक करदाता याक एण्ड यति होटल लि.को आ.व. २०७१/०७२ को मूल्य अभिवृद्धि कर निर्धारणका सम्बन्धमा शुरू ठूला करदाता कार्यालयले मिति २०७३।०३।१२ मा गरेको निर्णय मिलेकै देखिंदा सदर हुने ठहर्छ । पुनरावेदकको पुनरावेदन जिकिर पुग्न सक्दैन ।अरु तपसील बमोजिम गर्नू ।

**तपसील**

विशेष सरकारी वकीलको कार्यालय काठमाण्डौलाई फैसलाको जनाउ दिनु।..........१

सरोकारवाला पक्ष नक्कल माग गर्न आए नियमानुसार नक्कल दिनु।.......................२

फैसलाको विद्युतीय प्रति अपलोड गरी प्रस्तुत मुद्दाको दायरीको लगत कट्टा गर्नु र शुरु तथा रेकर्ड मिसिल नियमानुसार गरी अभिलेख शाखामा बुझाई दिनू।..........३

जीवन कुमार घिमिरे

(राजस्व सदस्य)

उक्त रायमा हाम्रो सहमति छ ।

डम्बरबहादुर कार्की
(लेखा सदस्य)

किशोर सिलवाल
(अध्यक्ष)

फैसला तयारीमा सहयोग गर्नुहुनेः-

शाखा अधिकृतः श्री रबि न्यौपाने

कम्प्यूटर टाइपः श्री प्रदिप तिवारी

इतिसम्बत २०७५ साल कात्तिक १३ गतेरोज ३ शुभम...............................